# धिमाल जातिको परम्परागत संस्था र प्रथाजनित कानून

डा. सोमबहादुर धिमाल

**लेखसार**

*धिमाल समुदायमा बस्ती र सभ्यता निर्माणसँगै धिमाल समाजलाई ऐक्यबद्धता गर्ने, समुदायभित्र सामाजिक-सांस्कृतिक-धार्मिक-समुदायगत राजनीतिक नेतृत्व गर्ने, न्याय निसाफ दिने, सुधारका कार्यहरू गर्ने कामका लागि माझिबाराङको नेतृत्वमा बस्ती र समाज सञ्चालन हुँदै आएको प्राचीन इतिहास पाइन्छ । यस संस्थामा नेतृत्व गर्ने पञ्चभलादमी व्यक्तित्वहरूमा माझिबाराङ, धामिबाराङ, हानुवा, ओझा र देराबाराङ पर्दछन् । समुदायभित्र नेतृत्व गर्ने सामाजिक संस्थालाई नै माझिबाराङ समिति भनिन्छ । यस समितिको समाज सञ्चालन गर्ने परम्परागत प्रथागत मौखिक सहमतीय अलिखित कानूनहरू छन् । माझिबाराङ संस्थामार्फत् गरिने विभिन्न कार्यहरूलाई प्राज्ञिक दृष्टिकोणले विश्लेषण गर्दा सामाजिक तथा सांस्कृतिक कार्य, सामाजिक न्याय, सामाजिक राजनीतिक जनचेतना, संस्थागत सुधार तथा कृषि पेसागत सुधारका कार्यहरू सम्पन्न भएका पाइन्छन् । एक गाउँको मुद्दा, मामिला तथा झैझगडा सोही गाउँको माझिबाराङको नेतृत्वमा समाधान हुने प्रावधान पाइन्छ भने ज्यान सम्बन्धी अपराधमा भने चार गाउँका माझिबाराङहरू भेला भैं निर्णय लिने परम्परागत अभ्यास रहेको पाइन्छ । राणा कालमा जमिन्दार, पटवारीहरूले समाजमा नेतृत्व गर्दा चाहि जमिन्दारले न्याय, निसाफ तथा निर्णय दिनुपर्दा पनि गाउँको माझिबाराङलाई अनिवार्य समावेश गर्ने प्रचलन रहेको थियो । हालका दिनमा भने धिमाल जातिको जातिय संस्थाको गाउँटोलको अध्यक्ष र माझिबाराङ समितिका पदाधिकारीहरू सबै बसेर गाउँमा न्याय निसाफ दिने प्रचलन रहेको पाइन्छ । हालसम्म नेपाल सरकार र स्थानीय सरकारले धिमालको माझीबाराङ परम्परागत संस्थालाई वैधानिक कानूनी मान्यता नदिएको अवस्था छ ।*

**शब्दकुञ्जी**

माझिबाराङ, धामिबाराङ, हानुवा, ओझा र देराबाराङ, उर्नी, ढोल, सेरेन्जा, तुन्जाइ, दोतारा, घोगोमोगो ।

## १. परिचय

धिमाल जाति पूर्वी नेपालको कोसी प्रदेशको झापा, मोरङ्ग र सुनसरी जिल्लाहरूमा परापूर्वकालदेखि भूमि, जल, जङ्गलसँग अत्यन्त अन्योन्याश्रित सम्बन्ध राखी बसोबास गर्दै आएको सबैभन्दा पुरानो आदिवासी भूमिपुत्र हो । बिसौं शताब्दीको सुरुको दशकसम्म पूर्वी तराईको धेरै भू-भागहरू घना जङ्गल थिए र तराईका आदिवासीहरू बाहेक अन्य समुदायहरू औलो (मलेरिया) र जङ्गली जनवारहरूको भयले यस क्षेत्रमा बस्न आँट गर्न सकेका थिएनन् (धिमाल, २०६८:१) । तराईमा औलो उन्मूलन (सं.२००७ पछि) हुनुभन्दा अगाडिसम्म धिमालहरू पूर्वी तराईमा आफ्नै राजनीतिक र सांस्कृतिक स्वायत्तताको साथ अर्धभ्रमणशील समुदायको रूपमा बसोबास गर्दै

आएका थिए (हडसन् ई. १८४९)। सो क्षेत्रमा आदिवासी संस्कृति र सभ्यताको जग बसाल्ने पहिलो समुदायको रूपमा पनि धिमाल जाति परिचित छन्। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को परिच्छेद १ को दफा २(क) अनुसार आदिवासी जनजातिको परिभाषा अनुसारको सूचीकृत आदिवासी जनजाति धिमाल हो। हाल चार वटा स्थानीय तहमा धिमाल समुदायलाई पहिलोजाति[1] घोषणा गरेका छन्। जस्मा, झापाको दमक नगरपालिका (२०७४ आश्विन ३०), मोरङका तीन ओटा नगरपालिकाहरू पथरीशनिश्चरे नगरपालिका (२०७५ असार २९), बेलबारी नगरपालिका (२०७५ फागुन ३०) र उर्लाबारी नगरपालिका (२०७८ असार ३१) मा धिमाल समुदायलाई पहिलो जाति घोषणा गर्ने कार्य सम्पन्न भएका छन्।

धिमाल भाषा चिनियाँ-तिब्बती महापरिवारअन्तर्गतको भोट-बर्मेली शाखाको भाषा हो (खतिवडा, २०७७: ११)। राष्ट्रिय जनगणना (सन् २०२१) अनुसार धिमालको जम्मा जनसङ्ख्या २५,६४३ रहेको छ। मातृभाषा बोल्ने २०,५८३, पुर्खाको भाषा बोल्ने २४,७२२, पुरुष १२१४४ र महिला १३४९९ रहेको छ।

धिमाल समुदायको आफ्नै मौलिक विशेषताहरू रहेका छन्। आफ्नै मौलिक भाषा धिमाल, आफ्नै जातीय भेषभूषाहरू महिलाहरूले लगाउने बोनाहरू : दाबोना, इताङ्गी, पातोलेइ, सामुठी, नोसोइ, तेपाना र पुरुषको लगाउने पहिरनहरू : आसकोट, गान्जि, टेपाना, पाटुका, चेउताइधारि, तुप्रि रहेका छन्। महिलाहरूले लगाउने मौलिक गरगहनाहरू छन् भने केश विन्यासको मौलिक छुट्टै परम्परा रहेका छन्। तानमा पेटानी बुन्ने मौलिक कला तथा सिपहरू छन्। आदिकालबाटै प्रकृतिमा निर्भर रहिआएकाले प्रकृति धर्ममा आस्था राख्ने गर्दछन्। धिमाल समुदायभित्र चारशक्तिहरू प्रकृतिशक्ति, पितृशक्ति, धामीशक्ति र राजाशक्तिको पूजाआजा गर्ने प्रचलन रहेको पाइन्छ। आफ्नै प्रकारको खानपिनहरू चिचिरी, तोले, बाग्या, गोरा, भातिया, तारा बामबाम, हाया, बिह्या, लावा, जोल्पाङ, सेना जस्ता धिमाल परिकारहरू रहेका छन्। आफ्नै परम्परागत बाजागाजाहरू : उर्नी, ढोल, सेरेन्जा, तुन्जाइ, दोतारा, घोगोमोगो, बाँसुरी छन् भने आफ्नै प्रकारका विशिष्ट जन्म, बिबाह, मृत्यु संस्कारहरू रहेका छन्। प्रत्येक धिमाल गाउँटोलमा साझा धिमाल ग्रामथान निर्माण गरी  धरमराजा, रासतिमहाराज, राजारुमाल, राधम्पाल, राजभण्डारी, बुढासुब्बा, बुढाठाकुर, पितृपूजा, झोराझोरि, सिकारी, चाउमाझि, अर्जुनधामी, बहादुर चौधरी, सान्सारी, देरागेलाइ, साली/सादी बेराङ, घार्नी बाराङ/बेराङ, ओझा, धामीमा विश्वास गर्ने, सामुहिक पूजा परम्परा रहेको छ। धिमालहरूको थातथोलोहरूमा राजारानी धिमालडाँडा, धिमालधुरा, लेटाङ, धिमाल ग्रामथान भोगटेनी, धिमालगढ, माइसाबारी, हाराइचा, दोहोलु, झुम्रा, नकलबन्दा, दमक, उर्लाबारी, पाथ्रि, बेलबारी जस्ता ऐतिहासिक ठाउँहरू छन्। धिमालहरूले मान्ने आफ्नै मौलिक चाडपर्वहरूमा जातिरी मेला, सिरजात, पार्वा, भेन्द्रा, नावाङ्गी, गावा पूजा, जातारा पूजा, रास पूजा, टाकाबान्धा, बान्धा पूजा, धुला पूजा, हाइजा पूजा, लक्ष्मी काइका पूजा आदि सम्पन्न गर्दछन्।

## २. माझिबाराङ समिति

आदि अनादिकालदेखि (निश्चित तिथिमिति थाहा नभएको), जब धिमालहरू समाजमा बसोबास गरी बस्न

---

1 नेपालको संविधान (२०७२) को धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) तथा धारा २२६ को उपधारा (१), संविधानको अनुसूची ८ मा उल्लेखित बुँदा नं. ६ र १३ मा व्यवस्था भएको प्रावधानअनुसार आदिकालबाटै बसोबास गरी त्यही ठाउँको मानवसभ्यता निर्माणमा योगदान दिने जातिलाई प्रथम नागरिक वा पहिलो जाति घोषणा गर्न सक्ने प्रावधानअनुसार दमक नगरपालिका, पथरीशनिश्चरे नगरपालिका, बेलबारी नगरपालिका र उर्लाबारी नगरपालिकाले धिमाल जातिलाई पहिलो जाति घोषणा गरेका छन्।

थाले त्यस बेलाबाटै यिनीहरूले समाजमा आफ्नो अधिकार, सुरक्षा, बाँच्न तथा सामुहिक गतिविधि गर्नका लागि गाउँटोलमा एउटा मूली मुखियाको नेतृत्वमा समाज सञ्चालन गर्न थाले । धिमालको परम्परागत समाजमा आदि अनादिकालदेखि काम गर्दै आएको संस्थालाई "**माझिबाराङ समिति**" भनिन्छ । सो गाउँटोलको धिमाल समुदायमा नेतृत्व गर्ने व्यक्तिलाई पनि **माझिबाराङ** नै भनिन्छ । यस माझिबाराङ समितिमा त्यसताका पञ्च भलाद्मीहरू रहने गर्दथे । ती पञ्च भलाद्मीहरूमा **माझिबाराङ**, **धामी बाराङ**, **हानुवा**, **ओझा र देराबाराङ** रहने गर्दथे । यी पाँच पञ्चहरूले गाउँटोल सञ्चालन गर्नका लागि सामाजिक नियमहरू, कानूनहरू बनाउने गर्दथे । धिमाल गाउँ समाजमा झगडा, कुनै मुद्दा मामिला परेमा अहिलेको राज्य सरकार स्थापना अगाडि र सरकारको नीति कानून नहुँदा वा कानूनहरू बन्नु भन्दा अगाडिदेखि ती कुराको छिनोफानो गरी दुधको दुध, पानीको पानी वा पानी र तेल छुट्टिए जस्तो व्यवहारिक न्याय निसाफ दिनु पनि यिनै पञ्चहरूले स्थानीय प्रमाण, सूचना र तथ्याङ्कको आधारमा कार्य सम्पादन गर्ने गर्दथे । प्राचीन समयमा ठूलो जङ्गल हुँदा वनजङ्गलका जनावरहरूबाट बच्न, महामारी, हैजा, औलो जस्ता ठूलाठूला रोगव्याधीहरूबाट त्यसबेला बाँच्न र गाउँमा शान्ति, सुरक्षा र व्यवस्थित गर्नुको लागि यस समितिले ठूलो भूमिका खेल्ने गर्दथ्यो( धिमाल, २०११:३८-३९) ।

खास गरी धिमालको परम्परागत माझी बाराङ समितिले न्याय निसाफ दिलाउने कामहरू( अन्यायमा परेकाहरूलाई स्थानीय सत्य-तथ्य तथा प्रमाणहरूको आधारमा सोधखोज गरी, सत्य पत्ता लगाएर न्याय दिने काम), सामाजिक संस्कार तथा संस्कृतिको कामहरू( जन्म संस्कार, बिबाह संस्कार, मृत्यु संस्कार सम्बन्धीका कामहरू, परम्परा बचाउँने पहिरन, भेषभूषा, कला संरक्षण गर्ने कामहरू आदि कार्यहरू), धार्मिक कामहरू( गाउँमा रोगव्याधी लागेमा रोक्ने, फुकफाक गर्ने, जोखाना हेरी मन्साउने पन्साउने कामहरू, गाउँटोलको शान्ति, सुरक्षा तथा सुव्यवस्थाको लागि ग्रामथानहरू निर्माण गरी सिरजात पूजा, जातिरी मेला लगाउने, टाकाबान्धा गर्ने, तान्त्रिक कार्यहरू गर्ने, मनले चिताएको पूरा भएमा भाकल गरेको थानपूजामा बुझाउने आदि कामहरू)को व्यवस्था गरिदिने काम पनि यसै माझिबाराङ समितिले गर्ने गर्दथ्यो ।

खासगरी माझी बाराङ समितिले त्यसताका दण्ड, जरिवाना तथा सजायको लागि मुद्दा मामिला हेरी मौखिक कानून तथा नीति नियमहरू बनाउने गर्दथे । कुनै पनि लिखित दस्तावेजहरू त्यसबेला थिएनन् । गाउँटोलमा झुरुम्म एकै समाजमा बसोबास गर्ने, परेको बेला एक-आपसमा सहयोग गर्ने परम्पराको विकास त्यसबेलाबाटै भएको थियो । त्यसबेला धिमालहरूको एकता ज्यादै मजबुत थियो । आर्थिक पक्षमा पनि धिमालहरू सम्पन्न र आफूलाई चाहिने आफै व्यवस्था गर्न सक्षम थिए । त्यसबेलाको धिमाल तन्त्रमन्त्र र धार्मिक कृयाकलापहरूबाट निर्देशित समाज थियो । सामाजिक एकताको पहिचानको रूपमा आदि अनादिकालबाटै धिमालहरू धिमाल गाउँटोलमा सिरजात पूजा, जातिरी मेला, सामुहिक पूजा लगाएर आफन्त कहाँ जाने, खाने र रमाइलो गर्ने चलन थियो । नेपाल राज्यको एकीकरण (वि.सं.१८२५) भन्दा पहिला धिमालहरू आफू बसेको गाउँटोल जसलाई धिमाल भाषामा"धेमालाइ-देरा" मा एकता, सामाजिक संस्कार तथा संस्कृतिको विकास, धार्मिक तन्त्रमन्त्रको युगले गर्दा मानिसहरू नराम्रो कामहरू गर्न डराउने गर्दथे । इमान्दारी, अनुशासन र कडा नियमहरूको व्यवस्था थियो । जनसङ्ख्या थोरै भएकोले गर्दा मानिसहरूलाई के खाउँ, के लगाउँ भन्ने र कहाँ बसूँ भन्ने चिन्ता थिएन । त्यस समयका मानिसहरू अहिलेको दाँजोमा मनोबलमा धेरै सम्पन्न थिए ।

राज्यको कानूनहरू नभएको बेलामा धिमाल जातिको माझी बाराङ समितिले धेमालाइ-देरामा न्यायनिसाफ दिने कामहरू गर्ने गर्दथ्यो । गाउँटोलका माझिबाराङ समितिले नै अहिलेको न्यायाधीशले दिने न्याय, संसदहरूले

बनाउने कानून, ऐन बनाउने गर्दथे । जङ्गी सेना तथा प्रहरीले दिने सुरक्षा, शान्ति पनि सोही समितिले टाकाबान्धा गरी दिने गर्दथे । धामीले चारकिल्ला बन्धन गरी समाजलाई सुरक्षित राख्ने काम गर्दथे । अहिलेको नेता, समाजसेवक, मानवअधिकाररक्षक आदिले गर्ने सम्पूर्ण कामहरू त्यसबेला माझिबाराङ समितिले गर्ने गर्दथ्यो ।

वास्तवमा धिमालहरू कानूनमा निरक्षर र अनविज्ञ नै छन् भन्दा फरक नपर्ला । हालसम्म धिमालहरूमा एक जना पनि कानूनविद् छैनन् । न अधिवक्ता वकिल छन् त न कुनै न्यायधिश नै । राज्यको संविधान, ऐन, कानून, नीति, नियमहरूको बारेमा धिमालहरूलाई धेरै जानकारी भएको देखिदैन । यहि कानूनी निरक्षारको कारणले गर्दा एकताका तराईका भूमिपुत्र आदिवासी धिमालहरू हालमा आएर सोझासिधा भएका कारण पनि सुकुम्बासीमा परिणत हुन बाध्य भएका छन् । धिमालको न त स्थानीय निकायहरू गापा, नगरपालिकामा न्याय तथा कानूनमा पहुँच देखिन्छन् न त जिल्ला स्तरको जिल्ला अदालत, पुनरावेदन अदालत, क्षेत्रीय स्तर र राज्यको केन्द्रीय स्तरको सर्वोच्च अदालत कुनै निकायहरूमा नै समुदायको समावेश र पहुँच भएको नै छ । कानूनी भाषामा धिमालहरू निरक्षर नै छन् । यति हुँदाहुँदै, राज्यले धिमाल समुदायको परम्परागत संस्था माझिबाराङलाई कानूनी मान्यता नदिएतापनि यस समुदायले जानेर वा नजानेर भएपनि आफ्नै प्रकारको गाउँटोल वा धेमालाइ-देरा सञ्चालन गर्नको लागि कानून, नीति-नियम बनाएर आदि अनादिकालबाटै मुद्दा मामिलाहरू छिनोफानो गर्दै आएका छन् । यस्ता माझिबाराङ समितिले बनाएको कानूनहरू अलिखित वा मौखिक सम्झौतामा आधारित हुन्छन् । अबको आउँदो दिनहरूमा यस्ता कानूनमा पहुँच नभएका समुदायका जातिहरूलाई राज्यले नै समावेश गरी पहुँच बनाइदिने काम गर्नु आवश्यक देखिन्छ ।

## ३. धिमाल जातिको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था

धिमालहरू आदिकालबाटै सामुहिक समुदाय वा समाजमा बस्न रुचाउने जाति हुन् । जब तराई प्रदेशमा औलो, महामारी, हैजा लाग्ने गर्दथ्यो, चारकोसे झाडी जङ्गल थियो, जङ्गली जीवजन्तुहरूको डर, त्रास थियो, त्यसै समयदेखि धिमालहरू एउटा ठूलो गाउँटोल वा धेमालाई देरामा २०-३० घरहरूदेखि ८०-१२० घरहरूसम्म एकै ठाउँमा बस्दै आएका थिए । यसले गर्दा सामुहिक मदत मिल्नुका साथै शान्ति सुरक्षाको दृष्टिकोणले मजबुत देखिन्थ्यो । धिमालहरूको मुख्य पेसाको रूपमा आदिकालबाटै कृषि तथा पशुपालनमा आधारित भएर आएको देखिन्छ । गाउँटोलमा बस्न स'रु गरेदेखि नै धिमालहरूले आफू र गाउँमा सुहाउँदो नीति, नियम तथा कानूनहरू बनाएर गाउँको समृद्धि, एकता तथा शान्ति सुरक्षामा सहयोग गर्दै आएका छन् ।

आदिकालबाटै गाउँमा शान्ति होस\, सुरक्षा होस\, कसैलाई पनि दुःख नहोस\, सबैलाई राम्रो भलो होस\ भनी धिमालहरू धार्मिक आस्था राखी हरेक धिमाल गाउँमा थान निर्माण गरेका छन् । ग्रामथानमा पूजाआजा गरेपछि जग्गा जमिनमा राम्रो उब्जनी हुने, समयमा पानी पर्ने, गाउँमा हैजा रोगव्याधी नलाग्ने, जङ्गली जनावरहरूले दुःख नदिने, गाउँको **सोहो** बढ्ने, गाउँमा अनिकाल भकमरी नलाग्ने, शान्ति र सुरक्षा हुने आदि लोकविश्वासले गर्दा धिमालहरू थानमा वर्षेनी पूजाआजा गर्दछन् । धिमालहरू विशेष गरी आफ्नै प्रकारका धिमाल देउताहरू मान्दछन् । धिमालका धार्मिक देउताहरूका केही नामहरूमा बूढाठाकुर बाराङ, बूढाठाकुर बेराङ्ग, लक्ष्मी बेराङ्ग, साली बेराङ्ग, चाउमाझी, धरमराजा\, रासतिमहाराजा, देरागेलाइ, झोराझोरी, घार्नी बेराङ्ग, घार्नी बाराङ, बुढासुब्बा, ताम्रागाइ, अर्जुन धामी, सान्सारी, ग्राम, काली, सिकारी आदि पर्दछन् । यिनीहरूको घर बनाउने, बस्ने, कला संस्कृतिको संरक्षणको लागि तान बुन्ने मेशिन राख्ने, घरमा बुट्टा खोप्ने, आँगन राख्ने, सुँगुर पाल्ने,

बालबच्चाहरूलाई घाममा तेल लगाइदिएर हुर्काउने जस्ता आफ्नै प्रकारको जीवनशैली पाइन्छ । यिनीहरू अन्य तराईमा बस्ने जातिहरू भन्दा भिन्न प्रकारका छन् ।

पेसामा मुख्य कृषि नै हो । कृषिको अलावा समुदायका मानिसहरू फुर्सदमा माछा मार्ने, शिकार खेल्न जाने, आदिवासी कला तथा सिपमा आधारित कामहरू हलो बनाउने, माछा राख्ने ढुङ्ग्री बनाउने, तान बुन्ने, घर सजाउने, करेसाबारीमा सागसब्जी लगाउने जस्ता कामहरू गर्दै आएका छन् । धिमालहरू सबैसँग प्रशस्त जग्गा जमिन हुँदाहुँदै पनि अहिले आएर घरघडेरी मात्र हुने त्यसमा पनि धेरै त सुकुम्बासीमा परिणत भइसकेको हाम्रो सामु छ । पहिला जग्गा जमिन र सम्पति हुँदा न धिमालहरूले केही गरौ भन्ने सोच्न सके, न त राज्यबाट नै धिमालहरूलाई कुनै न कुनै किसिमको व्यवसायी, कला, सिप तथा राज्य संयन्त्रमा समावेश गर्ने काम भयो ।

## ४. धिमाल जातिको परम्परागत संस्था

धिमाल जातिको परम्परागत संस्थाको नाम धिमाल माझिबाराङ समिति हो । यो संस्था धिमालहरू जब समुदाय वा समाजमा एकै ठाउँमा बसोबास गरी बस्न थाले त्यस बेलादेखि नै समाजमा नीति निर्माण गनु{, सामाजिक समस्याहरूको समाधान गनु{, संस्कार तथा संस्कृतिहरू सञ्चालन गर्नु, धिमालहरू बीचको मुद्दा मामिलाहरूको छिनोफानो गर्न, धार्मिक गतिविधिहरू तथा पूजाहरू संञ्चालन गर्न, शान्ति सुरक्षा, मेलमिलाप बढाउन, धिमालहरू बीचमा एकता गर्न, सामुहिक काम, काजकृयामा सहभागी हुन र फत्ते गर्नुका लागि यो धिमाल माझिबाराङ समितिको आवश्यकता परेको थियो । वास्तवमा यो संस्था धिमालहरूको सभ्यताको स’रुवात, जङ्गली जीवनपछि सामाजिक जीवनको स’रुवात गरेदेखि नै भयो भन्ने धिमाल बूढापाकाहरू, धिमाल बाराङहरू भन्दछन् । यकिन यति सालबाट स’रु भएको भन्ने चाहि इतिहास फेला पर्न सकेन । स’रुमा एक गाउँटोल र अर्को गाउँटोल बीचको सामाजिक संस्कार संस्कृति, मान्यता, गतिविधिहरू फरक-फरक थियो । एक धिमाल गाउँको गतिविधिहरू अर्को धिमाल गाउँसँग मिल्दोजुल्दो थिएन । यो स्थान र सामाजिक जीवनस्तर अनुसार पनि फरक-फरक २००९ साल अगाडिसम्म थियो । माझिबाराङ र त्यस ठाउँको गाउँमा बस्ने धिमालहरूको अनुसार प्राचीनताका गाउँको कानून, रीतिरिवाज, संस्कार संस्कृतिमा अलिअलि फरक-फरक नियम कानूनहरू भेटिन्थ्यो ।

बि.सं.२००९ साल अगाडि धिमाल गाउँटोलहरूमा माझिबाराङहरूका छोरीहरूलाई पनि जब अन्य सामान्य व्यक्तिहरूको छोराहरूले बोकेर चोरी बिबाह गर्न स’रु गरेका थिए, त्यसपछि अलिक हुने खाने माझिबाराङहरूको चित्त दुख्यो र एउटा नियम कानून बनाउनै पर्छ नत्र यो छाडापन बढेर जान्छ भनी सुपारी बिबाह, धिमाल गाउँटोलहरूमा भएको कुरीति, कुसंस्कारहरूलाई हटाउन भनी धिमाल राष्ट्रिय माझि सम्मेलन २००९ साल, माघ १७ गते दमक ८ मौजा मधुमल्ला गज ताराबारी डिपूको रंगिया खोलाको पश्चिम चौरमा सम्पन्न भयो ।

माझिबाराङ समितिमा त्यसताका ५ सदस्यीय प्रतिनिधिहरू मात्र हुन्थ्यो । तिनीहरूमा माझिबाराङ, धामीबाराङ, हानुवा, ओझा र देराबाराङ हुन्थ्यो । यो माझिबाराङ समितिको बिस्तार सीमित गाउँमा मात्र थियो । यो सङ्गठित भएर अगाडि बढ\न सकेको थिएन । तर जब धिमाल जातीय विकास केन्द्र, नेपालको स्थापना २०४७ सालमा भयो र २०५० साल मंसीर १० गते संस्था वैधानिक रूपले झापा जिल्ला प्रशासन कार्यालयमा दर्ता भयो, त्यसपछि यस माझिबाराङ समितिहरूलाई पनि एकसाथ समेटेर साथसाथै लैजाने काम भयो । यसै सिलसिलामा समेटेर लैजाने काम हुँदा माझिबाराङ समितिहरूलाई पनि तहगत रूपमा विभाजन गर्न आवश्यक पऱ्यो । पछि गाउँटोल माझिबाराङ समिति, इलाका वा क्षेत्रीय माझिबाराङ समिति र केन्द्रीय माझिबाराङ समितिको गठन

भयो । हाल यो तीन तह केन्द्रीय माझिबाराङ, जिल्ला माझिबाराङ र पालिकास्तरको माझिबाराङ समितिहरू छन् । धिमाल समुदायभित्रका लगभग १०५ गाउँटोलहरूमा सञ्चालित भइरहेका छन् । यस समितिमा मुख्य व्यक्ति नै माझिबाराङ हुन्छन् ।

### ४.१ माझिबाराङ

धिमाल समुदायभित्रको गाउँटोल वा बस्तीमा सामाजिक, सांस्कृतिक, धार्मिक, परम्परागत ग्रामथान पूजा, जन्म, बिबाह, मृत्यु, चाडपर्वहरूको अगुवाइ गर्ने, नेतृत्व गर्ने व्यक्ति नै माझिबाराङ हुन्छन् । उनकै नेतृत्वमा परम्परागत संस्था सञ्चालित हुन्छन् । धिमाल समुदायभित्र कुनै दाम्पति सम्बन्ध विच्छेद गर्नु पर्दा वा मिलेर खान कुनै हालतमा नसक्दा माझिबाराङको रोहवरमा एउटा सिन्को दुईजनालाई दुईतिर समात्न लगाउने र बीचमा काटिदिएपछि उनीहरूको सम्बन्ध विच्छेद हुन्छ र पहिलाकै साइनो बोलीचाली गर्न सक्दछन् । जन्म संस्कार, बिबाहको संस्कार तथा मृत्युको संस्कार गर्दा माझिबाराङले नै भूमिका निर्वाह गर्दछन् । गाउँमा कुनै झैझगडा हुँदा मिलाइदिने कार्य माझिबाराङकै रोहवरमा सम्पन्न गरिन्छ । ठूला ठुला मुद्दा, ज्यान मुद्दा आइपर्दा चाहि चार गाउँको माझिबाराङहरू बसेर निर्णय लिने चलन पाइन्छ । समाजभित्र कुनै पनि निर्णय लिंदा सबैलाई आफ्नो कुरा राख्न दिएपछि अन्तिममा माझी बाराङको निर्णय दिने पालो आउँछ र उनको निचोड नै अन्तिम निर्णय हुन्छ ।

### ४.२ धामिबाराङ

धामिको मुख्य काम भनेकै ग्रामथान पूजा हो । गाउँको चारकिल्ला तन्त्रमन्त्रले बाँध्ने र गाउँको सुरक्षा गर्ने हो । धामिबाराङले गाउँमा हैजा, रोगव्याधी, अनिकाल वा भकमरी लागे, अशान्ति भए, बालीनाली राम्रो नभए, दु:ख बिमार भई नै रहे वा यस्तै यस्तै आपत्-विपतहरू आएमा तिनीहरूको निधानको लागि धामिबाराङले गाउँटोलमा टाकाबान्धा पूजा दिने, सान्सारी पूजा गर्ने, गाउँटोलमा सबैको भलाई होस\ भनी भाकल राखिदिने, ग्रामथानमा पूजा गर्ने हुन्छ । भाकल पूरा भए अर्को वर्ष भाकल बुझाउन आउँदा भाकल बुझाइदिने गर्दछन् ।

### ४.३ ओझाबाराङ

ओझाले धिमाल गाउँटोलमा कुनै व्यक्ति बिमारी परेमा जोखाना हेरिदिने( धि.खोरि खाङका) र ओखतीमूलो( धि.ओसेरेपाइति) गरी निको पार्नमा सहयोग गर्ने काम गर्दछन् । विशेष गरी ओझाको काम भनेकै गाउँघरमा कोही बिमारी भए, जोखाना हेर्ने, रोग पत्ता लगाइदिने, जडिबुटी चलाइदिने र निको पारिदिने कार्य हुन्छ । ओझाले रोग निको पार्नेमा मुख्य भूमिका खेल्दछन् ।

### ४.४ हानुवा

हानुवाले धिमाल ग्रामथानमा पूजा गर्नको लागि सम्पूर्ण कामहरूको चाँजोपाँजो मिलाइदिने काम धामिबाराङको लागि गरिदिने गर्दछन् । धामिबाराङको सहायक नै हानुवा हुन्छन् । हानुवाले जाग्रात बसेका रातमा पूजा दिनका लागि ल्याएका सरसामानहरूमा कुनै कमीकमजोरी भयो कि भनि देउतालाई सोध्नको लागि दिर खुअ्का( देउता चढाएर काम्ने र भविष्यवाणी फालाक्ने) काम, पूजामा कुनै कुराहरू पो पुगेन कि भनी देउतालाई सोध्ने, जोखाना हेरिदिने, कुनै व्यक्तिले आफ्नो परिवार वा कुनै सदस्यको बारेमा सोध्न चाहेमा सोध्न सक्ने र बताइदिने काम गर्दछन् ।

### ४.५ देराबाराङ

गाउँको बुढापाका, पाको व्यक्तिलाई देराबाराङ भनिन्छ । देराबाराङले गाउँको वास्ताविक यथास्थितिको विवरण दिने, सत्यतथ्य बताइदिने र माझिबाराङ समितिलाई सहयोग गर्ने गर्दछन् । यो माझिबाराङ समितिले खास गरी सामाजिक, सांस्कृतिक, धार्मिक तथा धिमाल गाउँटोललाई सञ्चालन गर्नका लागि नीति नियम वा कानूनहरू बनाउने कामहरू गर्दछन् । सामाजिक कामहरूमा स'रुवातको समयदेखि नै समाजमा जन्म, बिबाह, मृत्यु संस्कार, हाउली वा पर्म, भेन्द्रा, सुत्केरी हुँदा गाउँमा सहयोग गर्ने, जमघट गराउने, धिमाल जातिका मानिसहरू बीचमा ऐक्यबद्धता गराउने, विशुद्ध सामाजिक काम गर्ने, चाडपर्वहरू मनाउँदा सरसहयोग जुटाइदिने काम गर्दछ । धार्मिक कार्यहरूमा आदिकालबाटै प्रकृति पूजाआजा गर्दै आएको, धिमाल गाउँटोलमा शान्ति, सुरक्षा, अन्नबाली राम्रो होस\, सबैलाई राम्रो होस\ भनि सिरजात पूजा, जातिरी मेला लगाउने, टाकाबान्धा गर्ने, न्वाङ्गी पूजा गर्ने, धान काट्दा जातारा पूजा, धान काटेर कुनिउमा चुल्याएर थन्क्याउँदा लक्ष्मी काइका पूजा, धान भर्दा रासपूजा, नदीनाला झोराझाडीलाई मनाउन सान्सारी पूजा, खेतमा बिगार भएमा राम्रो फलहरू दिन नसकेमा धुला पूजा, घाउ खटिरा उल्टी आउने जस्ता भएमा हाइजा पूजा, केश नकाटी राखी दिएर दुई वर्षमा काटी दिंदा भेन्द्रा पूजा, तिहारमा पार्वा पूजा, पिया बाखोर खुवाउने, घर परिवारमा कोही बिमारी भएमा नहाइधुहाई गरी चोखो मन, वचनले लिपपोत गरी साली वा सादी बेराङ्ग पूजा, भाकार पूजा, सा पूजा जस्ता पूजाहरू सम्पन्न गर्नुमा भूमिका खेल्दछन् । यस्ता पूजाआजा वा सामाजिक काजकृया गर्नको लागि प्रतिघर परिवारबाट बेहरी उठाउने, कुनै गाउँमा कोष स्थापना गर्ने, लेबी उठाई आर्थिक संकलन गर्ने काम पनि हुन्छ । संस्कार संस्कृतिको कामहरूमा आफ्नो मौलिक परम्परागत नाच-गाना, भेषभूषाहरू, गरगहनाहरू, खानपिनका परिकारहरू, जीवनशैलीहरूलाई निरन्तरता दिने कामहरू यस संस्था मार्फत सम्पन्न गरिंदै आएको छ । गाउँमा हुने संस्कारहरू उल्लङ्घन गर्नेहरूका लागि दण्ड, जरिवानाका लागि कानूनहरू बनाउने काम पनि गर्दछन् । तर ती सबै कानून, नीति नियमहरू अलिखित वा गाउँलेहरू बीचमा मौखिक सम्झौताको आधारमा सञ्चालन गरिन्छ । गाउँटोलमा झै-झगडा भएमा ती झगडाहरूमा छिनोफानो गरी न्याय दिनका लागि पनि माझिबाराङ समितिले ठूलो भूमिका खेलेको हुन्छ । छोटकरीमा भन्दा धिमाल गाउँमा कानून बनाउने, लागू गर्ने, संस्कार संस्कृति चलाउने, रेखदेख गर्ने र समयानुसार आवश्यक भएमा परिवर्तन गर्दै जाने काममा पनि यो संस्थाको ठूलो महत्वपूर्ण भूमिका हुन्छ ।

जब देशमा एक भाषा, एक धर्म लागू भयो र नेपाली भाषाले मात्र मान्यता पायो, हिन्दू धर्मले मात्र मान्यता पायो, राज्य सरकार सञ्चालन गर्नेले आदिवासी धिमालहरूको परम्परागत संस्थाको कानूनी मान्यताहरूलाई निरुत्साही गर्ने काम भयो, दमन र विभेद गरी जबरजस्ती निर्मूल पार्ने कामहरू भयो, त्यसपछि धिमालहरूको परम्परागत संस्थालाई ठूलो धक्का पर्न गयो । तरपनि आदिकालबाटै धिमालहरूको सम्पूर्ण कामहरू परम्परागत संस्थाले गर्दै आएकोले सजिलो तरीकाले निर्मूल हुन सकेन । धिमाल समुदायको आवश्यकता अनुसार यो सञ्चालनमा रहिनै रह्यो । विभिन्न परिस्थितिलाई पार गर्दै भएपनि यो संस्था विशुद्ध सामाजिक कार्यहरू, न्याय निसाफ जस्ता लोकहितकारी कार्यहरू गर्दै आएकाले हालसम्म प्रत्येक धिमाल गाउँटोलहरूमा सञ्चालित पाइन्छन् । धिमालको यो संस्थाले सम्पूर्ण धिमालहरू बीचमा सुमधुर सम्बन्ध, मेलमिलाप बढाई नै रहेको छ ।

## ५. परम्परागत संस्था माझिबाराङको मान्यताको सवाल

धिमाल समाजमा आदिकालबाटै यसले समाजको लागि राम्रो काम गर्दै आएको छ । धिमाल समुदायमा यस संस्थाले राम्रो प्रभाव पारेको छ । आफ्नो समुदायमा आफ्नै प्रतिनिधि माझिबाराङ मार्फत न्याय पाउने भएकोले राज्यको कानून भन्दा धिमालहरू आफ्नो माझिबाराङ समिति र हालमा धिमाल गाउँटोल समितिले बनाएको कानून तथा नीति नियमहरूलाई बढी जोड दिन्छन् । वास्तवमा धिमालहरूलाई राज्यको कानूनको विषयमा थाहा नै छैन । धिमालहरूको धेरै मुद्दा मामिला गाउँटोलमा नै छिनोफानो हुने गर्दछन् । धेरै ठूलो मुद्दा मामिला भएमा मात्र गापा, नपा, अदालत, पुनरावेदन अदालत र सर्वोच्च अदालतमा जाने गर्दछन् । वास्तवमा तथ्याङ्क हेर्ने हो भने पनि धिमाल समुदायको मुद्दामामिलाहरू माथिल्लो निकायहरूमा गएको सायदै पाइन्छ । यसको मतलब समस्या तथा मुद्दामामिला हुँदै नभएका भने होइन । गाउँटोलमा नै छिनोफानो भएपछि कमै मुद्दा मात्र माथिल्लो निकायहरूमा जाने गर्दछन् ।

धिमाल जातिको आफ्नै सामाजिक, सांस्कृतिक कानूनहरू हुँदा पनि सरकार पक्षले यसलाई विकास गर्ने, आर्थिक सहयोग गर्ने, मान्यता दिने सवालमा मौन छ । दर्ता भएको संस्थालाई मात्र मान्यता दिने तर आदिकालबाट} सञ्चालनमा आएका र समाजको लागि ठूलो योगदान गर्ने संस्था भएपनि राज्यको हेर्ने दृष्टिकोण विभेदपूर्ण छ -स्रोत : लाहुर्निपद्वारा आयोजित परम्परागत संस्था तथा प्रथागत कार्यशाला गोष्ठी, दमक २०६७)।

## ६. चुनौतीहरू

जब धिमालहरू घनाजङ्गलको बीचमा बस्ती बसालेका थिए, त्यसताका वन्यजन्तुहरूले सधैँ सताउने डर र भयमा जीवन गुजार्नुपरेको अवस्था थियो । गाउँबस्तीमा सुरक्षाको ठुलो चुनौती थियो । जङ्गलको बीचको बस्ती प्राय: अस्थायी हुन्थ्यो । बसाइँसराइ गरिरहनु पर्दथ्यो । गाउँबस्तीमा प्राय: कुनै पनि सुविधाहरू नभएको अवस्था थियो । आ-आफ्नो सानो गाउँबस्ती नै सानो राज्यको रूपमा कामहरू गर्नु परेको अवस्था थियो । जङ्गलका भ्याकुर, कन्दमुल, फलफूलहरू जस्तामा जीवन निर्वाह गर्नु परेको अवस्था थियो । तत्कालीन समाज तन्त्रमन्त्र, धामी, ओझा तथा प्राचीन रुढीवादीमा नै गुजार्नु परेको अवस्था थियो । एउटा गाउँबस्तीको माझिबाराङको नीति, नियम तथा कानून र अर्को गाउँबस्तीको माझिबाराङको कानून बीचमा नै फरक थियो । धिमाल गाउँबस्तीमा कुनै पनि विकासको पूर्वाधारहरू तयार भएका थिएनन् ।

नेपाल एकीकरण पछि पनि राज्यको सेवा सुविधा तथा स्थानीय निकायहरूबाट यस समितिले कुनै पनि सेवा तथा सुविधाहरू उपलब्ध गर्न नसकेको अवस्था स्थलगत अध्ययनबाट प्राप्त भएको छ । सरकारले यस संस्थालाई मान्यता नदिएको अवस्था छ । यद्यपि यस संस्थाले परापूर्वकालबाटै लोकहितकारी सामाजिक गतिविधिहरू तथा न्याय निसाफका कार्यहरू स्थानीय समाज तथा गाउँबस्तीमा निरन्तर गरिआएकै थियो र हालसम्म यथावत छँदैछ । कुनै पनि स्थायी आम्दानी संस्थाको नभएको अवस्था छ । हालसम्म यो संस्था धिमाल समुदायको आन्तरिक आर्थिक सहयोगबाट सञ्चालन हुँदै आएको अवस्था छ । प्रत्येक धिमाल गाउँटोलमा नेतृत्व गर्ने माझिबाराङहरू परम्परागत तरीकाले नै नेतृत्व गरिरहेका छन् । सरकारका संविधान, ऐन, कानून, नियम, नियमावली विषयमा अनभिज्ञ नै पाइन्छन् ।

## ७. समाधानका उपायहरू

सरकारी निकायबाटै यस संस्थाको बारेमा थप खोज, अध्ययन तथा अनुसन्धान हुनु जरुरी देखिन्छ । धिमाल समुदायका व्यक्तिबीचको एकता तथा सहकार्य निरन्तर कायमै हुनुपर्छ । यस संस्थाले अब पुराना ढर्राको कार्यविधिहरूमा हेरफेर गरी नयाँ तरीकाले संस्था सञ्चालन गरी सेवा विस्तारमा लाग्नुपर्छ । यसको लागि संस्थाले नयाँ कार्ययोजनाहरूका साथ काम गर्नु सक्नुपर्दछ । स्थानीय सरकारले यस संस्थालाई मान्यता दिई स्थानीय समुदायको मुद्दामामिला हेर्ने जिम्मा दिनुसकेका खण्डमा सरकारको बोझ पनि हल्का हुने नै छन् । लोकहितकारी कार्य गरेवापत स्थानीय नेतृत्वको जीविकोपार्जनमा समेत टेवा पुग्नेछ । समुदायले अपनत्व महसुस गर्नेछ ।

## ८. उपसंहार

धिमाल जातिको परम्परागत संस्था सरकारी निकायबाट सहयोगविना पनि सञ्चालनमा आइरहेको छ । धिमाल समाजमा राम्रो कार्य सम्पादन गर्न सकेको र आइपरेका समस्याहरूको समाधान गर्नमा मदत पुऱ्याइरहेकाले संस्था जीवन्त छ । सरकारको स्थानीय निकायहरू गापा तथा नगरपालिकामा धिमाल समुदायले न्याय पाउन सकेका छैन । समाजमा घटेका घटनाहरूलाई न्यायचित रूपले न्याय दिन, समयमा गाउँलेहरूलाई न्याय दिन, बढी आर्थिक बोझबाट मुक्त गर्न, गरीब धिमालहरूको पनि न्यायमा पहुँच पुऱ्याउन धिमालको माझिबाराङ समितिलाई सरकारले यथाशक्य स्थानीय सरकारमा पहिचान र मान्यता दिई सक्रिय बनाउनुपर्छ । सरकारले अनुमोदन गरेको आइ.एल.ओ.महासन्धि नं. १६९ को आदिवासीको हितमा भएको महासन्धिलाई अक्षरशः सरकारले संवैधानिक निकायमार्फत लागु गर्नुपर्दछ । युएनड्रिप, युएन घोषणाहरूलाई राज्यको सम्पूर्ण निकायहरूमा लागु गर्नुपर्दछ । राज्यमा भइरहेको केन्द्रीकृत राज्यसत्तालाई विकेन्द्रीकृत शासन व्यवस्था तीन तहको सरकारमै लागु गर्नुपर्दछ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको मर्मअनुसार स्थानीय स्वायत्तको व्यवस्था लागु गर्नु आवश्यक छ । प्रत्येक आदिवासी तथा गैरआदिवासी जनजातिहरूको भाषा, संस्कृति, कला, सिप, इतिहास आदिको संरक्षण, प्रवर्द्ध{न, पुस्तान्तरण तथा विकास भएर जानुपर्दछ । देशमा बहुलवाद, बहुभाषी नीति, बहुसांस्कृतिक, बहुधार्मिक नीतिको विकास तथा निरन्तरतालाई समयसापेक्ष सुधार गरिनुपर्छ । राज्य सरकारले आदिवासी जनजातिहरूको परम्परागत संस्थालाई स्थापना गर्ने कार्य र प्रथागत कानूनहरूलाई संरक्षण, सम्बर्द्धन तथा विकास गर्दै लैजाने राष्ट्रिय नीति बन्नु पर्दछ । आदिवासीको ठाउँमा उनीहरूको प्रथागत कानूनले काम गर्न पाउनुपर्दछ । यसो भएमा एकातिर आदिवासी जनजातिहरूको परम्परागत संस्था र प्रथागत कानूनको पनि सम्मान हुन्छ भने अर्कोतिर यिनीहरू सक्रिय हुने मौका पाउँछन् र स्थानीय व्यक्तिहरूले समुदायमै सेवा गर्ने अवसर पाउनेछन् । यसबाट राज्य सबल बन्नुको साथै राष्ट्रिय एकता, शान्ति, समृद्धि, विकास, प्रेम र सद\भाव कायममा टेवा पुग्नेछ ।

## सन्दर्भ सामाग्री

Dhimal, SB. (2011). *MA Dissertation entitled: Traditional Governing Institution of the Dhimal, A case study of the Majhi Warangs in Dhimal Communities.* A Thesis submitted at TU, Socio-anthropology Dept. Trichandra Multiple Campus, Ghantaghar, Kathmandu.

Dhimal, SB. (2067 BS). *Workshop Reports on"Traditional Institutions and Customary Laws"*. Unpublished document

submitted at LAHURNIP, Anamnagar, Kathmandu.

Hodgson, Brian H. (1949). 'On the Origin, Location, Numbers, Creed, Customs, Character and Conditions of the Koch, Bodo and Dhimal people, with a general description of the climate they dwell in', *Journal of the Asiatic Society of Bengal* 18 (2): 702-747

International Labour Organization. (2009). *Indigenous and Tribal Peoples' Rights in Practice (A Guide to ILO Convention 169).* International Labour Standards Department, ILO.

Nepal Govt. NSO. (2021). *National Population and Housing Census 2021. National Report on Caste/Ethnicity, Language and Religion*. Thapathali: Nepal Government, Office of the Prime Minister and Council of Ministers, National Statistics Office, Thapathali, Kathmandu.

United Nations, Human Rights Office. (2007). *UNDRIP (United Nations DecaLration on the Rights of Indigenous Peoples)*. UN (OHCHR-Office of the High Commissioner for Human Rights) and UN Human Rights.

आजउराप्र, (वि.सं.२०५८), आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८. जावलाखेल : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर ।

खतिवडा, कर्णाखर, (वि.सं.२०७७), धिमाल भाषाको व्याकरण. कमलादी : नेपाल प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, नेपाल ।

धिमाल, सोम. (वि.सं.२०६८), धिमाल जातिको चिनारी. जावलाखेल : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर र धिमाल जाति विकास केन्द्र, केन्द्रीय समिति, उर्लाबारी, मोरङ ।

श्रेष्ठ, अमन, (वि.सं.२०७२), संवैधानिक विकासक्रम तथा नेपालको संविधान २०७२. काठमाडौं : राष्ट्रिय सूचना मञ्च, काठमाडौं, नेपाल ।